अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: नियन्त्रणमा लिइएको ।

मालपोत कार्यालय, रुपन्देहीमा कार्यरत नायब सुब्बा ओम बहादुर खाम्चाले जग्गाको नयाँ श्रेष्ता कायम तथा नामसारी गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज नायब सुब्बा ओम बहादुर खाम्चालाई सेवाग्राहीबाट रू.२,००,०००।— (दुई लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकम तथा स्रोत नखुलेको रू. ३,५०,०००।— (तीन लाख पचास हजार रुपैयाँ) र मोबाइल थान-१ (एक) सहित जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ बाट आज मिति २०८३।०१।०४ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता

सुरेश न्यौपाने